नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७९ भाद्र २६ गते नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको संयोजकत्वमा वर्तमान सन्दर्भमा संयुक्त बजार अनुगमन प्रणाली, सार्वजनिक सेवा प्रवाहमा सुधार तथा आसन्न चाडपर्वमा वस्तु तथा सेवाको सहज आपूर्ति तथा व्यवस्थापन विषयमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६२ औं बैठक बस्यो।

उक्त बैठकमा नजिकिंदै गरेका प्रमुख चाडपर्वहरुमा अत्यावश्यक उपभोग्य वस्तु व्यवस्थापनको लागि आवश्यकताका आधारमा सुपथ मूल्यमा पसल सञ्चालन गर्ने व्यवस्था उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने, आसन्न चाडवाड लक्षित बजार अनुगमन कार्यको दायरा र सघनता अभिवृद्धि गर्न आवश्यक पर्ने जनशक्तिको विवरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउने र सो विवरण बमोजिम जनशक्ति व्यवस्थापन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने, प्रभावकारी बजार अनुगमनका लागि सूचना सङ्कलन, प्रविधिको प्रयोग र जोखिममा आधारित बनाउने सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मापदण्ड तयार गरी सोही अनुसार अनुगमन प्रणालीको अभिवृद्धि गर्ने, चाडपर्वलाई लक्षित गरी सार्वजनिक यातायातको भाडा दर, यात्रु सिट क्षमताका आधारमा अनलाइन टिकेटिङ्ग र कोभिडसम्बन्धी स्वास्थ्य मापदण्ड पालना गरी गराई यात्रा व्यवस्थापन लगायतका कार्यहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी मार्फत मिलाउने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश तथा स्थानीय निकायहरु समेतको समन्वय र सहकार्यमा डेंगी रोग नियन्त्रण तथा उपचारको प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने, अस्पतालहरुमा रहेका डाइलोसिस गर्ने मेसिन र ती मेसिनहरुको उपयोग सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुगमन गरी प्रतिवेदन तयार गर्ने,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानका लागि नेपाल एयरलाइन्सबाट हुने टिकटको अग्रिम बुकिङ्ग र वितरण प्रणाली वीच सामञ्जस्यता कायम हुने गरी अनलाइन प्रणालीबाट टिकट बुकिङ्ग तथा विक्री गर्ने व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने, विभिन्न निकायबाट सेवा प्रवाहका लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको आवश्यकता र वितरण प्रणालीवीच सामञ्जस्यता भए नभएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अध्ययन गरी समञ्जस्यता कायम गरी आवश्यक थप प्राविधिक जनशक्ति उपलब्ध गराउने, आन्तरीक उत्पादनका कृषि तथा खाद्यान्न वस्तुको विषादी परीक्षणका लागि कृषि तथा पशुपंछी मन्त्रालयले मातहतका निकाय परिचालन गरी नियमित परीक्षणको प्रवन्ध गर्ने,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अत्यावश्यक वस्तुको पाक्षिक मूल्यसूची अध्यावधिक गरी प्रोफाइल तयार गर्ने सम्बन्धमा श्रीमान् मुख्यसचिवज्यूले निर्देशन दिनु भयो।

२०७९ भाद्र २६

महादेव पन्थ
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np